प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिशिप)**

# प्रशिक्षार्थी छनौट, भर्ना मूल्याङ्कन निर्देशिका-२०८२

परीक्षा समितिको मिति २०८२।०४।०७ गतेको निर्णयानुसार स्वीकृत

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**सानोठिमी, भक्तपुर, नेपाल**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिशीप)

# प्रशिक्षार्थी छनौट, भर्ना मूल्याङ्कन निर्देशिका-२०८२


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर, नेपाल

फोनः ९७७-१-६६३०४०८, ६६३०७६९ फ्याक्सः ९७७-१-६६३०२९४ पोष्ट बक्स नं ३५४६,काठमाण्डौ

इमेलः info@ctevt.org.np, research@ctevt.org.np,

वेवसाइटः http://www.ctevt.org.np

# विषय सूची


परिच्छेद - १ ........ 4

प्रारम्भिक ........ 4

१. संक्षिप्त नाम र प्रारम्भ ........ 4

२. परिभाषाः ........ 4

परिच्छेद - २ ........ 5

औद्योगिक प्रशिक्षार्थी छनौट तथा भर्ना प्रक्रिया ........ 5

३. प्रवेश योग्यता ........ 5

४. प्रवेश परीक्षा मूल्याङ्कन आधार र मूल्याङ्कन प्रक्रिया ........ 5

५. छनौट उप समिति गठन : ........ 7

६. अन्तर्वार्ता टोली गठन : ........ 8

७. नतिजा प्रकाशन र भर्ना : ........ 8

परिच्छेद-३ ........ 9

औद्योगिक प्रशिक्षार्थी मूल्याङ्कन प्रक्रिया ........ 9

८. आन्तरिक मूल्याङ्कन प्रक्रिया ........ 9

९. बाह्य मूल्याङ्कन (अन्तिम परीक्षा) ........ 9

१०. अन्तिम नतिजा प्रकाशन : ........ 10

११. औद्योगिक प्रशिक्षार्थीको मान्यताः ........ 10

परिच्छेद - ४ ........ 11

विविध ........ 11

१२. डाटावेश अद्यावधिक गर्ने : ........ 11

१३. व्याख्या तथा संशोधन : ........ 11

# प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका-२०८२

**प्रस्तावना:** प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा सम्वन्धी विनियमावली, २०७१ को विनियम ५५ को अधिकार प्रयोग गरी परीक्षा समितिले “प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी भर्ना र मूल्याङ्कन निर्देशिका-२०८२” बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो निर्देशिकाको नाम “प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०८२” रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “परिषद्” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ को दफा ३ बमोजिमको परिषद्लाई सम्झनुपर्छ ।

(ख) “परिषद् कार्यालय” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(ग) “प्रदेश कार्यालय” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को निर्णय अनुसार स्थापना भएका परिषद्का ७ वटा प्रदेश कार्यालयलाई सम्झनुपर्छ ।

(घ) “परीक्षा नियन्त्रण कार्यालय (प.नि.का.)” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को परीक्षा नियन्त्रण कार्यालयलाई सम्झनुपर्छ ।

(ङ) “समिति” भन्नाले परीक्षा सम्वन्धी विनियमावली, २०७१ को विनियम ४ बमोजिम गठित परीक्षा समितिलाई सम्झनुपर्छ ।

(च) “औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिशीप)” भन्नाले उद्योग/व्ययसाय, शिक्षालय र औद्योगिक प्रशिक्षार्थी बीच त्रिपक्षीय सम्झौता गरी संयुक्तरुपमा सञ्चालित तालीमलाई सम्झनुपर्छ ।

(छ) “प्रि-डिप्लोमा तह“ भन्नाले परिषद्बाट साबिकको प्राविधिक एस.एल.सी. वा त्रिभुवन विश्वविद्यालयबाट साबिकको प्राविधिक एस.एल.सी. वा परिषद्बाट प्रि-डिप्लोमा परीक्षा उत्तीर्ण उपाधिलाई जनाउँछ ।

(ज) “औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप)” भन्नाले औद्योगिक प्रशिक्षार्थी तालीम अन्तर्गत प्रशिक्षणरत सहभागीहरुलाई सम्झनुपर्छ ।

(झ) "शिक्षालय" भन्नाले प्रशिक्षार्थीलाई आधारभूत ज्ञान र सीप प्रदान गर्ने र उद्योग/व्यवसायमा तालीम लिइरहेको समयमा थप ज्ञान र सीप प्रदान गर्ने तालिम प्रदायक संस्था वा तालीम केन्द्र वा प्राविधिक शिक्षालय वा बहुप्राविधिक शिक्षालय सम्झनुपर्छ । यो शब्दले परिषद् अन्तर्गत संचालन सामुदायिक विद्यालय, संचालन साझेदारी प्राविधिक तथा बहुप्राविधिक शिक्षालय र सम्वन्धन/स्वीकृत निजी प्राविधिक शिक्षालयलाई समेत जनाउंछ ।

(ञ) "उद्योग/व्यसाय" भन्नाले शिक्षालय र प्रशिक्षार्थी संग त्रिपक्षीय सम्झौतामा आबद्ध भई औद्योगिक प्रशिक्षार्थीहरुलाई आफ्नो कार्यस्थलको दैनिक काममा संलग्न गराइ सीप सिकाउने औद्योगिक प्रतिष्ठान वा रोजगारदाताहरुलाई सम्झनुपर्छ ।

(ट) "प्रशिक्षक" भन्नाले औद्योगिक प्रशिक्षार्थी तालीम सञ्चालन गर्ने शिक्षालयको मातहतमा रही प्रशिक्षण दिने व्यक्तिलाई सम्झनुपर्छ ।

(ठ) "कम्पनी प्रशिक्षक (In-company Trainer)" भन्नाले उद्योग/व्यवसायमा औद्योगिक प्रशिक्षार्थीहरुलाई आफ्नो प्रत्यक्ष निगरानीमा काम लगाउंदै सीप सिकाउने प्रशिक्षकका रुपमा कार्य गर्ने शिल्पी तथा बरिष्ठ कामदारलाई सम्झनुपर्छ ।

(ड) "एस. एल. सी." भन्नाले प्रवेशिका परीक्षालाई सम्झनुपर्छ । सो शब्दले प्रवेशिका परीक्षा (एस. ई. ई.) समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद - २
## औद्योगिक प्रशिक्षार्थी छनौट तथा भर्ना प्रक्रिया

### ३. प्रवेश योग्यता

(१) औद्योगिक प्रशिक्षार्थी तालीममा सहभागी हुनका लागि न्यूनतम एस.ई.ई.वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सो परीक्षाका सम्पुर्ण बिषयको परीक्षामा सहभागि भएको वा सम्बन्धित विषयको पाठ्यक्रमले निर्धारण गरे बमोजिमको शैक्षिक योग्यता हुनुपर्नेछ ।

(२) तालीम लिन ईच्छुक व्यक्ति सम्बन्धित तालीम/प्रशिक्षणको लागि मानसिक र शारीरिक रुपमा सक्षम हुनुपर्नेछ ।

(३) कम्तीमा १६ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्नेछ ।

(४) दलित, जनजाति, अपाङ्ग, मुस्लिम, मधेसी, दुर्गम क्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र हुनुपर्नेछ ।

(५) अन्य न्यूनतम आधारहरु परीक्षा नियन्त्रण कार्यालय (प.नि.का.) ले तोके बमोजिम हुनेछ ।

### ४. प्रवेश परीक्षा मूल्याङ्कन आधार र मूल्याङ्कन प्रक्रिया

(१) आवेदकहरुको समग्र मूल्याङ्कन तपसिल बमोजिम गरिनेछ ।

| क्र.सं | मूल्याङ्कन आधार | मूल्याङ्कन अंक भार |
|---|---|---|
| १. | आवेदन फाराम मूल्याङ्कन | ३० |
| २. | उद्योग/व्यावसायको सिफारिस | ३० |
| ३. | अन्तरवार्ता | ४० |
| | **जम्मा** | **१००** |

**स्पष्टीकरण:** योग्य र इच्छुक आवेदकहरू मध्येबाट आवेदन फाराम मूल्याङ्कन, उद्योग/व्यवसायको सिफारिस र अन्तर्वार्ता बापत प्राप्ताङ्कको योगफल अनुसार आवेदकको योग्यताक्रमको आधारमा औद्योगिक प्रशिक्षार्थीहरुको छनौट गरिनेछ ।

(क) **आवेदन फाराम मूल्याङ्कन**: रीतपूर्वक दर्ता भएका **अनुसूची १** बमोजिमको आवेदन फाराम मूल्याङ्कनको अङ्कभार ३० पूर्णाङ्कको हुनेछ । आवेदन फाराम मूल्याङ्कन गर्दा तपसिल अनुसारको अङ्क प्रदान गरिनेछ ।

| **क्र.सं** | **विवरण** | | **प्रदान गरिने अधिकतम अङ्क** |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता-१० | | १० |
| २. | SEE/SLC दिएको विद्यालयको किसिम - ५ | सार्वजनिक/सामुदायिक | ५ |
| | | निजी/संस्थागत | ३ |
| ३. | सामाजिक/जातिगत वर्ग-९ | दलित-महिला तेस्रो लिङ्ग | ९ |
| | | दलित- पुरुष | ८ |
| | | आदिवासी/जनजाति-महिला/तेस्रो लिंगी | ८ |
| | | आदिवासी/जनजाति- पुरुष | ७ |
| | | अन्य जातजाति महिला-महिला/तेस्रो लिङ्ग | ७ |
| | | अन्य जातजाति- पुरुष | ६ |
| ४. | पारिवारिक आर्थिक अवस्था (५ जनाको परिवार संख्याको आधारमा) -६ | वार्षिक आय - ९६,५००/- वा सो भन्दा कम | ६ |
| | | वार्षिक आय - ९६,५०१/- देखि १,२५,०००/- सम्म | ५ |
| | | वार्षिक आय - १,२५,००१/- देखि १,७५,०००/- | ४ |
| | | वार्षिक आय - १,७५,०००/- भन्दा बढी | ३ |

**स्पष्टीकरण**: शैक्षिक योग्यताको अङ्क प्रदानका आधार तथा सामाजिक/जातिगत वर्ग अनुसारको सूचीकृत जातजातिहरूको विवरण **अनुसूची २** मा उल्लेख भएबमोजिम हुनेछ ।

(ख) **उद्योग/व्यवसायको सिफारिस**: इच्छुक आवेदकहरुले आवेदन फारामको साथ पेश गरेको **अनुसूची ३** बमोजिमको सिफारिस पत्र (उद्योगवाट औद्योगिक सिकाइको लागि अवसर दिइने व्यहोरा सहितको सिफारिश) को अङ्कभार ३० पूर्णाङ्कको हुनेछ । उक्त पेश भएको सिफारिस पत्रको रुजू/मूल्याकन गरी व्यक्तिगत अङ्क प्रदान गरिनेछ । यसरी अङ्क प्रदान गर्दा सिफारिस भएमा ३० अङ्क र नभएमा ० अङ्क प्रदान गरिनेछ ।

**स्पष्टीकरण:** इच्छुक आवेदकहरुले आवेदन पेश गर्दा शिक्षालयले उपलव्ध गराएको उद्योग/व्यवसायहरुको सूची मध्येबाट आफूले छनौट गरेको उद्योगबाट औद्योगिक सिकाइको लागि अवसर दिइने व्यहोरा सहितको सिफारिस पत्र आवेदन फारामको साथ पेश गर्नुपर्नेछ ।

**(ग) अन्तर्वार्ता** : आवेदन फाराम मूल्याङ्कन र उद्योग/व्यवसायको सिफारिश भई मूल्यांकन प्रक्रियामा सामेल भएका प्रशिक्षार्थीहरू मात्र अन्तर्वार्ताको लागि योग्य हुनेछन । अन्तर्वार्ता जम्मा ४० पूर्णाङ्कको हुनेछ । अन्तर्वार्ता दफा ६(१) अनुसार गठित अन्तर्वार्ता टोलीले संचालन गर्नेछ ।

## ५. छनौट उप समिति गठन :

(१) अप्रेन्टिशीप कार्यक्रमको लागि प्रशिक्षार्थी छनौट तथा भर्ना सिफारिस गर्नको लागि सम्बन्धित शिक्षालयमा देहाय बमोजिमको एक छनौट उपसमिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | शिक्षालय प्रमुख | -संयोजक |
| (ख) | विभागीय प्रमुख (सम्वन्धित कार्यक्रमको) | -सदस्य |
| (ग) | सम्वन्धित स्थानीय तहको शिक्षा हेर्ने अधिकृत वा प्रतिनिधि १ जना | -सदस्य |
| (घ) | संयोजकले तोकेको प्रशिक्षक वा कर्मचारी १ जना | -सदस्य |
| (ङ) | शिक्षालय उपप्रमुख/परीक्षा शाखा प्रमुख | -सदस्य-सचिव |

(२) उपदफा १ बमोजिमको छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प.नि.का. बाट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा तथा प.नि.का.को बेवसाइटमा भर्ना सम्वन्धी सूचना प्रकाशित भएपछि आफ्नो शिक्षण संस्थामा संचालन हुने अप्रेन्टिशीप कार्यक्रमको भर्ना प्रक्रियाको प्रचार-प्रसार गर्ने गराउने ।

(ख) आवेदन फाराम संकलन गर्ने गराउने ।

(ग) आवेदन फाराम रूजू गरी दर्ता गर्ने गराउने ।

(घ) अन्तिम म्याद सम्म दर्ता हुन आएका आवेदकहरुलाई औद्योगिक प्रशिक्षणका सम्वन्धमा विस्तृत अभिमुखीकरण गराउने ।

(ङ) रीतपूर्वक दर्ता भएका आवेदन फारामको मूल्याङ्कन दफा ४ उपदफा १(क) अनुसार गर्ने गराउने । आवेदन फारामको मुल्यांकन पश्चात् प्रत्येक आवेदकको प्राप्तांक **अनुसूची ४** अनुसारको ढांचामा अभिलेख राख्नुको साथै **अनुसूची ५** बमोजिमको फाराम अद्यावधिक गर्ने गराउने ।

(च) आवेदकहरुले आवेदन फारामको साथ पेश गरेको सिफारिश पत्र (उद्योगबाट औद्योगिक सिकाइको लागि अवसर दिइने व्यहोरा सहितको सिफारिस) को रुजू/मूल्याकन दफा ४ उपदफा १(ख) बमोजिम गर्ने गराउने । रूजू पश्चात प्रदान गरिएको अङ्क **अनुसूची ५** बमोजिमको फाराम अद्यावधिक गर्ने गराउने ।

(छ) दफा ६(१) अनुसार गठित अन्तर्वार्ता टोलीले उपलव्ध गराएको अन्तर्वार्ताको प्राप्ताङ्क **अनुसूची ५** बमोजिमको फाराम अद्यावधिक गर्ने गराउने ।

(ज) **अनुसूची ५** बमोजिम अद्यावधिक गरेका प्राप्ताङ्कको योगफलको आधारमा योग्यताक्रम अनुसार नतिजा प्रकाशनका सिफारिस सहित प.नि.का. ले तोकेको समयसीमा भित्र प.नि.का. वा प.नि.का. ले तोकेको कायालयमा पेश गर्ने गराउने ।

(झ) एक पटकको प्रवेश परीक्षाका लागि समितिको बैठक बढीमा पाँच पटकसम्म बस्नसक्नेछ ।

(ञ) उपसमितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**स्पष्टीकरण**: योग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसको नाम प्रकाशित गरिनेछ । यसो गर्दा पनि अङ्क बराबर भएमा एस.ई.ई. परीक्षाको नतिजालाई आधार मानी नतिजा प्रकाशित गरिनेछ । एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.ई.ई. परीक्षाको क्रमश: अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजालाई आधार मानी नतिजा प्रकाशित गरिनेछ । यसरी मूल्याङ्कन गर्दा

पनि अंक बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.ई.ई. उत्तीर्ण भएको आधारमा र सो बाट पनि अंक बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिई नतिजा प्रकाशन गरिनेछ । अक्षराङ्कन पद्धतिको नतिजामा तोकिएको जि.पि.ए.लाई प्रतिशत निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

GPA×२३.७५

**६. अन्तर्वार्ता टोली गठन :**

(१) सम्बन्धित शिक्षालयमा परीक्षार्थीहरूको अन्तर्वार्ता सञ्चालन गर्नाको लागि दफा ५ (१) अनुसार गठित उपसमितिले देहाय बमोजिमको एक अन्तर्वार्ता टोली गठन गर्नुपर्नेछ ।

(क) शिक्षालयको उपप्रमुख (उपप्रमुख नभएमा सम्वन्धित कार्यक्रमको विभागीय प्रमुख) -संयोजक

(ख) सम्बन्धित औद्योगिक संघ/संस्थाहरूबाट प्रतिनिधि २ जना -सदस्य

(ग) प.नि.का. कर्मचारी प.नि.का.ले तोकेको कर्मचारी १ जना -सदस्य

(घ) सम्वन्धित कार्यक्रमको संयोजक (अप्रेन्टिशीप कार्यक्रम हेने) -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको अन्तर्वार्ता टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अन्तर्वार्ता लिनुपूर्व आवेदकको Online Application Form Acceptance Card भएको सुनिश्चित गर्ने ।

(ख) अन्तर्वार्ता लिंदा टोलीको प्रत्येक सदस्यले **अनुसूची ७** बमोजिम अङ्कभार प्रदान गर्ने ।

(ग) अन्तर्वार्ता टोलीको सदस्यहरुले प्रदान गरेको अन्तर्वार्ताको अङ्कलाई **अनुसूची ८** बमोजिमको फाराम अद्यावधिक गरी प्रत्येक परीक्षार्थीको औसत प्राप्ताङ्क निकाल्ने ।

(घ) परीक्षार्थीले अन्तर्वार्ता प्राप्ताङ्कको औसत प्राप्ताङ्कलाई **अनुसूची ८** बमोजिम रुजू गरी छनौट उपसमितिमा पेश गर्ने ।

(ङ) छनौट अन्तर्वार्ता प्रति दिन दुई सिफ्टमा संचालन गर्न सकिनेछ । यसरी अन्तर्वार्ता संचालन गर्दा एक सिफ्टमा २० जनाको समूह हुनेछ ।

**७. नतिजा प्रकाशन र भर्ना :**

१. प.नि.का.ले समष्टिगत प्राप्ताङ्कको आधारमा योग्यताक्रम अनुसार अन्तिम छनौटमा परेका आवेदकहरु (उत्तीर्ण सहित) को नामावली रूजू गरी र भर्ना म्याद समेत उल्लेख **अनुसूची ६** बमोजिम ढांचामा प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्नुपर्नेछ ।

२. अन्तिम छनौटमा परेका मुख्य परीक्षार्थीहरुलाई सम्बन्धित शिक्षालयले तोकिएको म्याद भित्र भर्ना गराई सक्नुपर्नेछ ।

३. परीक्षार्थीको भर्ना गर्दा प्रवेश परीक्षा (आवेदन फाराम मूल्याङ्कन, अन्तर्वार्ता र उद्योग/व्यवसायको सिफारिस) को समष्टित प्राप्ताङ्क, शैक्षिक योग्यताका प्रमाणपत्रहरू र आवेदकले पेश गरेका अन्य कागजहरूको सक्कल प्रमाणपत्रहरू रूजू गरेर भर्ना गर्ने जिम्मेवारी शिक्षालय प्रमुखको हुनेछ । न्यूनतम योग्यता नपुगेका परीक्षार्थीलाई भर्ना गरेमा त्यस्ता परीक्षार्थीको रजिष्ट्रेशन कायम गरिनेछैन ।

४. तोकिएको म्याद भित्र मुख्य परीक्षार्थी भर्ना हुन नआएमा कार्यक्रमको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीलाई जानकारी हुने गरी सम्बन्धित शिक्षालयले कम्तीमा ७ दिनको म्याद दिइ रिक्त रहेको

संख्या स्पष्ट उल्लेख गरी सम्बन्धित शिक्षालयको सूचना पाटिमा तथा शिक्षालय रहेको सम्बन्धित पालिकाको कार्यालय र वडा कार्यालयको सूचना पाटिमा तथा सम्बन्धित शिक्षालयको वेवसाइटमा अनिवार्य प्रकाशित गर्नुपर्नेछ ।

तर जुन कार्यक्रमका लागि आवेदन फाराम वा उद्योग/व्यवसायको सिफारिश पेश गरेको छ त्यही कार्यक्रममा मात्र छनौट वा भर्ना हुन सक्नेछ । अन्य कार्यक्रममा भर्ना गरिएको पाइएमा निजको रजिष्ट्रेशन कायम हुने छैन र जुनसुकै समयमा पनि त्यस्तो भर्ना रद्ध हुनेछ ।

५. उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षालयको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मितिसम्म दर्ता हुन आएका उम्मेदवार मध्येबाट योग्यताक्रम सूची प्रकाशित गरी सोही अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नुपर्नेछ ।

६. **औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रमको** अन्तरवार्ता तथा छनौट उप समितिको खर्चको मापदण्ड अनुसूची १० मा उल्लेख भए बमोजिम हुनेछ र उक्त कार्यगरे बापतको भत्ता तथा खर्च शिक्षालयले उक्त कार्यक्रमबाट बितरण गर्नुपर्नेछ ।

## परिच्छेद-३
## औद्योगिक प्रशिक्षार्थी मूल्याङ्कन प्रक्रिया

### ८. आन्तरिक मूल्याङ्कन प्रक्रिया

१. आन्तरिक मूल्याङ्कन दुई प्रकारले गरिनेछ । जसमा शिक्षालय र उद्योग/व्यवसायले सोही अवधिमा प्रशिक्षार्थीको छुट्टा-छुट्टै मूल्याङ्कन गर्नुपर्नेछ ।

२. शिक्षालयले सञ्चालन गर्ने आन्तरिक मूल्याङ्कन

(क) समष्टिगत विषय प्रशिक्षकले प्रत्येक औद्योगिक प्रशिक्षार्थीको निरन्तर मूल्याङ्कनको पद्दधि अपनाउनु पर्नेछ ।

(ख) पाठ्यक्रममा समावेश भएका सबै विषयहरूको तोके बमोजिम सैद्धान्तिक/प्रयोगात्मक परीक्षा तथा सैद्धान्तिक र प्रयोगात्मक परीक्षा छुट्टाछुट्टै हुनेछ ।

(ग) शिक्षालयले तीनवटा आन्तरिक मूल्याङ्कन गर्नुपर्नेछ र मूल्याङ्कनको अङ्कभार ५०% हुनेछ । जसमा २०% सैद्धान्तिक र ८०% प्रयोगात्मक परीक्षा हुनेछ ।

(घ) शिक्षालयले गर्ने आन्तरिक मूल्याङ्कनको अङ्कभार तलको तालिका बमोजिम हुनेछ ।

| क्र.सं | विवरण | आन्तरिक मूल्यांकन | उत्तीर्णांक प्रतिशत |
|---|---|---|---|
| १. | सैद्धान्तिक | ५० प्रतिशत | ४० प्रतिशत |
| २. | प्रयोगात्मक | ५० प्रतिशत | ६० प्रतिशत |

### ९. बाह्य मूल्याङ्कन (अन्तिम परीक्षा)

१. औद्योगिक प्रशिक्षार्थी तालीमको अन्त्यमा प.नि.का.ले बाह्य मूल्याङ्कन/अन्तिम परीक्षा सञ्चालन गर्नेछ र यो मूल्याङ्कनको अङ्कभार ५०% हुनेछ ।

२. उपदफा (१) बमोजिम संचालन हुने अन्तिम परीक्षाको अङ्कभार देहाय बमोजिम हुनेछ ।

| क्र.सं | विवरण | अन्तिम परीक्षा | उत्तीर्णाङ्क |
|---|---|---|---|
| १. | सैद्धान्तिक | ५० प्रतिशत | ४० प्रतिशत |
| २. | प्रयोगात्मक | ५० प्रतिशत | ६० प्रतिशत |

३. उद्योग/व्यवसायले सञ्चालन गर्ने आन्तरिक मूल्याङ्कन

(क) औद्योगिक प्रशिक्षार्थीको सम्वन्धित कम्पनी प्रशिक्षकले निरन्तर मूल्याङ्कनको पद्दधि अपनाउनु पर्नेछ ।

(ख) पाठ्यक्रममा समावेश भएका सबै विषयहरूको प्रयोगात्मक परीक्षा छुट्टाछुट्टै हुनेछ ।

(ग) औद्योगिक प्रशिक्षार्थीहरुको उद्योगमा प्रशिक्षण लिइरहेको अवधिमा प्रत्येक ६ महिनाको अन्तरमा सम्वन्धित शिक्षालयको प्रशिक्षकको सहयोगमा कम्पनी प्रशिक्षक (In–Company Trainer) ले सबै प्रशिक्षार्थीहरुको प्रत्येक विषयको छुट्टाछुट्टै ३ वटा आन्तरिक मूल्याङ्कन गर्नुपर्नेछ ।

(घ) उद्योग/व्यवसायले गर्ने आन्तरिक मूल्याङ्कनको अङ्कभार देहाय बमोजिम हुनेछ ।

| क्र.सं | विवरण | आन्तरिक मूल्यांकन | अन्तिम/बाह्य मूल्यांकन | उत्तीर्णाङ्क प्रतिशत |
|---|---|---|---|---|
| १. | औद्योगिक अभ्यास | ५० प्रतिशत | ५० प्रतिशत | ६० प्रतिशत |

(ङ) कम्पनी प्रशिक्षक (In–Company Trainer) ले आन्तरिक मूल्याङ्कन गर्दा **अनुसूची ९** बमोजिम गर्नुपर्नेछ र सो अनुसार प्रशिक्षार्थीहरुले प्राप्त गरेको अङ्क सम्बन्धित शिक्षालयमा रीतपूर्वक पेश गर्नुपर्नेछ ।

**स्पष्टीकरण**: शिक्षालयले गरेको तीनवटा आन्तरिक मूल्याङ्कन र कम्पनी प्रशिक्षकले गरेको तीनवटा आन्तरिक मूल्याङ्कनको नतिजा प्रदेश कार्यालयमा तोकिएको समयसीमा भित्र शिक्षालयले रीतपूर्वक पेश गर्नुपर्नेछ ।

**१०. अन्तिम नतिजा प्रकाशन :**

१. प्रदेश कार्यालयले सम्बन्धित शिक्षालयबाट प्राप्त आन्तरिक मूल्याङ्कन (शिक्षालय र उद्योग/व्यवसायबाट गरेको मूल्याङ्कन) को प्राप्ताङ्क र अन्तिम परीक्षामा प्रशिक्षार्थीले प्राप्त गरेको अङ्क सहितको समष्टिगत प्राप्ताङ्कको आधारमा प.नि.का.ले मूल्याङ्कन/परीक्षाको अन्तिम नतिजा प्रकाशित गर्नेछ ।

२. औद्योगिक प्रशिक्षार्थी उत्तीर्ण हुनको लागि प्रत्येक विषयको सैद्धान्तिक/प्रयोगात्मक तथा सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको (शिक्षालय र उद्योग/व्यवसायले मूल्याङ्कन गरेको) र परीक्षा नियन्त्रण कार्यालयले संचालन गर्ने अन्तिम परीक्षामा पाठ्यक्रममा व्यवस्था भए बमोजिम उत्तीर्णाङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

**११. औद्योगिक प्रशिक्षार्थीको मान्यता:**

पाठ्यक्रमले तोके बमोजिम सबै आवश्यकता (Requirements) पूरा गरेका प्रशिक्षार्थीहरुले सम्वन्धित कार्यक्रमको प्रि-डिप्लोमा तहको प्रमाणपत्र प्राप्त गर्नेछन ।

## परिच्छेद - ४
## विविध

**१२. डाटावेश अद्यावधिक गर्ने :**

(१) शिक्षालयले आवेदकहरुले भरेका अनुसूची १ बमोजिमका आवेदन फारामहरु छनौट प्रक्रिया अगावै प.नि.का.ले तोकेको डाटावेश प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

(२) शिक्षालयले औद्योगिक प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरुको विवरण नियमित रुपमा तोकिएको डाटावेश प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

**१३. व्याख्या तथा संशोधन :**

(१) यस निर्देशिकामा समावेश भएका बिषयहरु यसै निर्देशिका वमोजिम र निर्देशिकामा समावेश नभएका बिषयमा प.नि.का.द्वारा जारी गरिएको भर्ना निर्देशिका तथा परिषद्को ऐन, नियम, विनियम बमोजिम हुनेछ ।

(२) यस निर्देशिकामा समावेश भएका बिषयहरु परिषद्को ऐन, नियम तथा विनियम संग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य भएको मानिनेछ ।

(३) यो निर्देशिकामा कुनै दफा, उपदफा र अनुसूचीहरु अस्पष्ट भएमा व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार परीक्षा समितिलाई हुनेछ ।

फोटोको पछाडी SLC/SEE को Symbol No. र नाम उल्लेख गरी एक प्रति फोटो क्लिप गरी राख्नुहोला

# अनुसूची १ : Admission Application Form

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**परीक्षा नियन्त्रण कार्यालय**
सानोठिमी, भक्तपुर

हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को रंगीन फोटो टाँसी फोटो र फाराममा पर्ने गरी परीक्षार्थी र प्राचार्यले सही गर्ने

शिक्षालयको नाम : ..........................................................................

ठेगाना : ..........................................................................................

## औद्योगिक प्रशिक्षण कार्यक्रम (प्रि-डिप्लोमा तह)
### प्रशिक्षार्थी आवेदन फाराम (२०८२)

दर्ता नं [ ]

कार्यक्रम/ट्रेड [ ]

**आवेदकको व्यक्तिगत विवरण :**

नाम (देवनागरीमा) [ ]

नाम (अंग्रेजी ठूलो अक्षरमा) [ ]

लिङ्ग: महिला [ ] पुरुष [ ] अन्य [ ]

जन्म मिति [ ] साल [ ] महिना [ ] गते

नागरिकता नं [ ] जारी मिति [ ] जारी जिल्ला [ ]

**बैवाहिक अवस्था:** अविवाहित [ ] विवाहित [ ] छुट्टिएका [ ] पारपाचुके [ ] बिदुर/बिधवा [ ]

**जात/जाती:** [ ] (आफ्नो जात/जाती लेख्नुहोस् जस्तै: ठकुरी, शेर्पा, कामी, यादव, नेवार, शिख, मुसहर, नुनिया आदि)

**जात/जाती समूह:** ब्राम्हण/क्षेत्री/ठकुरी/दशनामी [ ] जनजाती [ ] दलित [ ] मधेशी [ ] धार्मिक अल्पसंख्यक [ ]

**भौगोलिक प्रतिनिधित्व:** हिमाल [ ] पहाड [ ] तराई/मधेश [ ]

**स्थायी ठेगाना:** प्रदेश [ ] जिल्ला [ ] म.न.पा/उ.म.न.पा/न.पा/गा.पा [ ] वार्ड नं [ ]

**सम्पर्क ठेगाना:** प्रदेश [ ] जिल्ला [ ] म.न.पा/उ.म.न.पा/न.पा/गा.पा [ ] वार्ड नं [ ]

फोन नं : [ ] मोवाइल नं [ ]

इमेल आइ.डी : [ ] फेसबुक आइ.डी [ ]

**बिशिष्ट अवस्था :** छैन [ ] अपाङ्ग [ ] द्वन्द्वपीडित [ ] बाढी/भुकम्प पिडीत [ ] मुक्त कमैया [ ]
मुक्त कमलरी [ ] मुक्त हलिया [ ] एचआइभि संक्रमित [ ] सुकुम्वासी [ ] शहीद परिवार [ ]

**बिशिष्ट अवस्था सम्वन्धी आधिकारीक कागजात:** छ [ ] छैन [ ]

**आमाको नाम:** [ ] मोवाइल नं [ ]

**बाबुको नाम:** [ ] मोवाइल नं [ ]

**संरक्षकको नाम:** [ ] संरक्षक संगको नाता [ ]

**संरक्षकको ठेगाना:** प्रदेश [ ] जिल्ला [ ] म.न.पा/उ.म.न.पा/न.पा/गा.पा [ ] वार्ड नं [ ]

**फोन नं :** [ ] मोवाइल नं [ ]

**शिक्षा, तालीम तथा रोजगारी सम्वन्धी जानकारी :**

**शैक्षिक योग्यता:** एसइइ/प्रवेशिका उत्तीर्ण [ ] ११-१२ कक्षा [ ] १२ कक्षा भन्दा माथि [ ]

**अध्ययन गरेको शिक्षण संस्थाको नाम :** [ ] ठेगाना [ ]

**शिक्षण संस्थाको प्रकार:** सामुदायिक [ ] सरकारी [ ] निजी [ ] अन्य [ ]

एस.एल.सी/एस.ई.ई परीक्षा दिएको साल बर्ष : [ ] एस.एल.सी/एस.ई.ई मा प्राप्त श्रेणी/ग्रेड [ ]

तपाईले सीप सम्वन्धी कुनै तालीम लिनु भएको छ ? छ [ ] छैन [ ]

उद्योग/व्यावसायको सिफारिश पत्र संलग्न छ ? छ [ ] छैन [ ]

**सीप सम्वन्धी तालीम लिएको भए,**

| तालीमको नाम | कार्यक्रम र ट्रेड | तालीम अवधि |
|---|---|---|
| १. | | |
| २. | | |

**आर्थिक स्थिति :**

परिवारको सदस्य संख्या : ☐ परिवारको बार्षिक आम्दानी (सबै स्रोतबाट): ☐

तपाईं किन यस कार्यक्रममा सहभागी हुन चाहनुहुन्छ ?

.................................................................................................................

यस फाराममा उल्लेखित सवै विवरण सांचो हो, झुट्टो ठहरिएमा प्रशिक्षणको लागि अयोग्य ठहरिनेछु ।

आवेदकको दस्तखत :............. दरखास्त फाराम रुजु गर्नेको दस्तखत:.......................... प्राचार्यको दस्तखत : .....................

मितिः .............................. रुजु गर्ने कर्मचारीको नामः ..................................... प्राचार्यको नाम : ..........................

मितिः ............................................................... शिक्षालयको छाप : .................

मितिः .......................................

**प्रशिक्षण सम्वन्धी सामान्य जानकारी :**

१. आवेदकले आवेदन दर्ता गराउंदा मार्कशीटको प्रतिलिपी, प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी र नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी सवैमा आवेदकले सक्कल बमोजिम नक्कल ठीक छ भनी हस्ताक्षर गर्नुपर्नेछ ।
२. छनौट भएको आवेदकहरुको स्वास्थ्य परीक्षण गरिनुका साथै १ महिनाको परीक्षण अवधि हुनेछ ।
३. परीक्षण अवधिबाट छानिएता पनि प्रशिक्षण अवधिभर सन्तोषजनक कार्यसम्पादन र नतिजा ल्याउन नसक्नेलाई कुनै पनि समयमा प्रशिक्षणबाट हटाउन सकिनेछ ।
४. प्रशिक्षण निःशुल्क हुनेछ भने प्रत्येक प्रशिक्षार्थीलाई खाजा तथा यातायातको लागि तोकिएको रकम उपलब्ध गराइनेछ । खाना, बस्न र व्यक्तिगत खर्च प्रशिक्षार्थी आफैंले व्यवस्था गर्नुपर्नेछ ।
५. प्रशिक्षण र तालीम समय प्रत्येक दिन कम्तिमा ६ घण्टाको हुनेछ भने प्रशिक्षार्थी कम्तीमा ९०% हाजिर हुनुपर्नेछ । यदि कुनै प्रशिक्षार्थी तोकिएको हाजिरी दिनभन्दा कम हाजिरी भएमा प्रशिक्षण र तालीमबाट हटेको मानिनेछ ।
६. अन्तरवार्ताबाट छानिएका आवेदकले शिक्षालय, प्रशिक्षार्थी (संरक्षक सहित) र सम्वन्धित उद्योग वीचको त्रिपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।
७. म्याद नाघी आएका तथा रीत नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।
८. आवेदकले www.ctevtexam.org.np बाट आवेदन फाराम डाउनलोड गरी प्रिन्ट गरेर भरी सम्वन्धित शिक्षण संस्थामा आवश्यक कागजातहरु सहित आवेदन फाराम बुझाउनु पर्नेछ । प्रशिक्षणका लागि छनौट भएका र प्रतिक्षासूचीमा रहेका परीक्षार्थीहरुको नामावली सम्वन्धित शिक्षालयमा सूचना टांस गरी प्रकाशन गरिनेछ ।

**नोट :**

आवेदन फाराम नियमानुसार रुजु गरी CTEVT ITMS Online मा तोकिएको समयावधी भित्र प्रत्येक आवेदकको User Account बनाई Online Entry गर्ने जिम्मेवारी सम्वन्धित शिक्षालयको हुनेछ ।

## अनुसूची २ :

## शैक्षिक योग्यताको अङ्कभार वितरण तथा सामाजिक/जातिगत वर्ग अनुसारको सूचीकृत जातजातिहरूको विवरण

क. शैक्षिक योग्यताको अङ्कभार वितरण निम्न अनुसार हुनेछ।

| **एस.ई.ई परीक्षा** | | **एस.एल.सी परीक्षा** | |
|---|---|---|---|
| ३.६ देखि ४.० | १० | ८० देखि माथि | १० |
| २.८ देखि ३.५९ | ९ | ६० देखि ७९.९९ | ९ |
| १.६ देखि २.७९ | ८ | ३५ देखि ५९.९९ | ८ |
| १.६ भन्दा कम वा NG भएका | ७ | ३५ भन्दा कम | ७ |

क.(१). एस.इ. ई वा सो सरहको परीक्षाको सम्पुर्ण बिषयमा सहभागी भएकाहरुको मूल्यांकन :

एस.ई.ई. परीक्षाको नतिजामा ग्रेड प्राप्त गरेका आवेदकहरूको योग्यताक्रम सूची निर्धारण गर्दा अनुसूची २ को (क) मा उल्लेख भए अनुसार नै हुनेछ। एस.ई.ई. को नतिजामा Non Graded (NG) लागेका विद्यार्थीहरूको योग्यताक्रम सूची निर्धारण गर्दा एस.ई.ई. उत्तीर्ण गरेकाहरूको योग्यताक्रम सूची भन्दा पछाडि राखी निम्नानुसार गर्नुपर्नेछ।

(अ) एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजामा ग्रेड प्राप्त गरेका आवेदकहरूलाई प्राथमिकता दिनुपर्नेछ।

(आ) (अ) अनुसार प्राप्ताङ्क बराबर भएमा एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषयहरू मध्ये कुनै दुई विषयमा Grade प्राप्त गरेका आवेदकलाई प्राथमिकता दिनुपर्नेछ।

(इ) (आ) अनुसार पनि प्राप्ताङ्क बराबर भएमा एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषयहरू मध्ये कुनै एक विषयमा Grade प्राप्त गरेका आवेदकलाई प्राथमिकता दिनुपर्नेछ।

(ई) (इ) अनुसार पनि प्राप्ताङ्क बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.ई.ई. उत्तीर्ण भएको आधारमा आवेदकलाई प्राथमिकता दिनुपर्नेछ।

(उ) (ई) अनुसार पनि प्राप्ताङ्क बराबर भएमा जन्म मितिलाई आधार मानि बढी उमेर भएकालाई प्राथमिकता दिनुपर्नेछ।

ख. सामाजिक/जातिगत अनुसारको सूचीकृत जातजातिहरूको विवरण निम्न अनुसार रहेको छ।

| **दलित वर्गमा सूचिकृत जातजातिको विवरण** | **आदिवासी जातजातिको विवरण** |
|---|---|
| १. गन्धर्व (गाइने) २. परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के) ३. बादी ४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनंरा, पार्की, टमटा) ५. मिजार (सार्की, चर्मकार, भूल) ६. पोडे (देउला, पूजारी, जलारी) ७. च्यामे (कुचीकार, च्याम्खल) ८. कलर ९. ककैहिया १०. कोरी ११.खटिक १२.खत्वे (मण्डल, खङ्ग) १३. चमार (राम, मोची, हरिजन, रविदास) १४. चिडिमार १५.डोम (मरिक) १६. तत्मा (ताँती, दास) १७. दुसाध (पासवान, हजरा) १८.धोवी( रजक, हिन्दु) १९. पासी २०. बांतर २१. मुसहर २२. मेस्तर (हलखोर) २३. सरभङ्ग (सरवरिया) २४. नटुवा २५. ढांडी २६.धरिकर/धन्का | १.राउटे, २. कुसुण्डा, ३. बनकरिया, ४. सुरेल, ५. हायु, ६.राजी, ७. किसान, ८. लेप्चा, ९. मेचे (विडो), १०. कुशवाडिया, ११. माझी, १२. ल्होमी (शिङसावा), १३. थुदाम १४.धानुक (राजवंशी), १५. झांगड, १६. चेपाङ, १७. सतार (संथाल), १८. थामी , १९. बोटे, २०. दनुवार, २१. सियार, २२. बरामो, २३. सुनुवार, २४. थारु, २५. तामाङ, २६. भुजेल, २७. कुमाल, २८.राजवंशी ( कोच), २९.गनगाई, ३०. धिमाल, ३१. भोटे, ३२. दराई, ३३. ताजपुरिया , ३४. पहारी, ३५. तोप्केगोला, ३६.डोल्पो, ३७. फ्री, ३८. मुगाली, ३९. लार्के, ४०.वालुङ, ४१. ल्होपा, ४२. दुरा, ४३. मगर, ४४.राई, ४५. लिम्बु, ४६.गुरुङ, ४७. बाह्र गाउले थकाली, ४८. मार्फाली थकाली, ४९. छैरोतन, ५०.शेर्पा, ५१. ताङवे, ५२. तीन गाउंले थकाली, ५३. याक्खा, ५४. छन्त्याल, ५५. जिरेल, ५६. व्यासी, ५७.ह्योल्मो, ५८. थकाली, ५९. नेवार ६०.राना थारू |

**अनुसूचीः - ३ उद्योग/व्यवसायले दिने सिफारिस पत्रको नमूना**

मिति : ...............................

विषयः सिफारिश बारे ।

श्री ....................... (शिक्षालयको नाम)

................................(शिक्षालयको ठेगाना)

उपर्युक्त सम्वन्धमा त्यस शिक्षालयबाट सञ्चालन हुने/सञ्चालित ........................ (विषयको नाम) विषयको **प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप)** कार्यक्रमको २४ महिना अवधिमा १९.५ महिना उद्योगमा हुने सिकाइको लागि तपसिलमा उल्लेखित आवेदक/हरुलाई (छनौट प्रक्रियामा सफल भई तालीम कार्यक्रममा सहभागी भएमा) यस उद्योगमा उक्त औद्योगिक अभ्यास/सिकाइको अवसर उपलव्ध गराउने सुनिश्चितता सहित निज/हरूलाई सिफारिस गरी तहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिलः

१. नाम : ............................ ठेगानाः ...................... सम्पर्क नम्बरः ..........

२. नाम : ............................ ठेगानाः ...................... सम्पर्क नम्बरः ..........

३. नाम : ............................ ठेगानाः ...................... सम्पर्क नम्बरः ..........

.............................

नामः ......................

पदः .....................

संस्थाको छाप

## अनुसूचीः - ४ आवेदन मूल्याङ्कन फाराम

शिक्षालयको नामः

ठेगानाः

औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमः अन्तर्वार्ताकर्ताको नामः

(यो फाराम प्रत्येक आवेदन फाराम मूल्याङ्कनको क्रममा भर्नु पर्नेछ)

| क्र.सं | आवेदकको नाम | शैक्षिक योग्यता (१०) | SEE/SLC दिएको बिद्यालयको किसिम(५) | सामाजिक जातिगत वर्ग (९) | पारिवारिक आर्थिक अवस्था (६) | जम्मा प्राप्ताङ्क (३०) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूचीः - ५ आवेदकहरुको समष्टिगत प्राप्ताङ्क फाराम

शिक्षालयको नामः

ठेगानाः औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमः

| क्र.सं | आवेदकको नाम | आवेदन फारम मूल्यांकन (३०) | उद्योग व्यवसायको सिफारिश पत्र (३०) | अन्तर्वार्ताको औसत प्राप्तांक (४०) | जम्मा प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेको दस्तखतः
नामः
पदः
मितिः

प्रमाणित गर्नेको दस्तखतः
नामः
पदः
मितिः

**अनुसूचीः - ६ प्रवेश परीक्षा नतिजा प्रकाशनको ढाँचा**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

परीक्षा नियन्त्रण कार्यालय, भक्तपुर

**प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) को नतिजा २०..........**

शिक्षालयको नामः .....................................

ठेगानाः ..........................................

औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमः .......................................

**मुख्य उम्मेद्वारको नामावली :**

| क्र.सं | सिम्बोल नं | आवेदकको नाम | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**उत्तीर्ण उम्मेद्वारको नामावली**

| क्र.सं | सिम्बोल नं | आवेदकको नाम | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूचीः - ७ आवेदकको छनौट अन्तर्वार्ता प्राप्ताङ्क फाराम

शिक्षालयको नामः

औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमः अन्तर्वार्ताकर्ताको नामः

(यो फाराम प्रत्येक अन्तर्वार्ताकर्ताले भर्नु पर्नेछ)

| क्र.सं | आवेदकको नाम | तालिम बिषयको अभिरुचि र सान्दर्भिकता (९) | तालिम पुरा गर्ने प्रतिबद्धता (१०) | तालिम पश्चात् रोजगारीको योजना (१०) | तालिम प्रतिको सकारात्मक सोच (६) | कार्यक्रमको लागि शारीरिक रुपमा सक्षम (५) | जम्मा प्राप्तांक (४०) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अन्तर्वार्ताको अंकभार निर्धारण गर्ने आधारहरु :

१. तालिम विषयको अभिरुचि र सान्दर्भिकता

१. उच्च (९) २. मध्यम (७) ३. न्यून (५)

२. तालिम पूरा गर्ने प्रतिबद्धताः

१. स्पष्ट (१०) २. मध्यम (८) ३. अस्पष्ट (६)

३. तालिम पश्चात् रोजगारीको योजना

१. स्पष्ट (१०) २. केही (७) ३. अस्पष्ट (४)

४. तालिम प्रतिको सकारात्मक सोच

१. उच्च (६) २. मध्यम (५) ३. न्यून (४)

५. कार्यक्रमको लागि शारीरिक रुपमा सक्षम

१. सक्षम (५) २. अक्षम (०)

# अनुसूचीः - ८ आवेदकको अन्तर्वार्ताको औसत प्राप्ताङ्क फाराम

शिक्षालयको नामः

ठेगानाः औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमः

| क्र.सं | आवेदकको नाम | अन्तर्वार्ताकर्ता १ | अन्तर्वार्ताकर्ता १ | अन्तर्वार्ताकर्ता ३ | अन्तर्वार्ताकर्ता ४ | जम्मा प्राप्तांक | औसत प्राप्तांक |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेको दस्तखत :

नामः

पद :

मिति :

प्रमाणित गर्नेको दस्तखतः

नामः

पद :

मिति :

# अनुसूचीः - ९ आन्तरिक मूल्याङ्कन फाराम

## (कम्पनी प्रशिक्षकद्धारा गरिने मूल्यांकनको लागि)

| पूर्णाङ्क १०० | उत्तीर्णाङ्क ६० |
|---|---|

शिक्षालयको नाम: कार्यक्रमको नाम :

प्रशिक्षार्थीको नाम: बिषय:

मूल्यांकन अवधि................देखि ...............सम्म

| क्र.सं | मूल्यांकनका क्षेत्रहरु | मुल्यांकनका आधारहरु | प्राप्त अंक (१-५) | कैफियत |
|---|---|---|---|---|
| १. | सिकाइप्रतिको लगनशीलता | समयमा नै काम सम्पन्न गर्दछ | | |
| | | काम र रचनात्मक स्वरुपबाट गर्दछ | | |
| २. | कार्यसम्पादन | कार्यसंग सम्वन्धित ज्ञान र सीप पर्याप्त छ | | |
| | | समयमा नै व्यावसायिक किसिमबाट काम सम्पन्न गर्दछ | | |
| ३. | समन्वय | सुपरीवेक्षकले दिएको कामलाई सहजै स्वीकार गर्दछ | | |
| | | आफ्नो जिम्मेवारी बाहिरको कामलाई पनि सहजै स्वीकार गर्दछ | | |
| ४. | दतारुकता | सुपरीवेक्षक नभएको अवस्थामा पनि आफ्नो जिम्माको काम सम्पन्न गर्दछ | | |
| | | कम्पनीको कामको चापलाई आत्मसाथ गर्न सक्दछ | | |
| ५. | संचार | एक आपसमा स्पष्ट र बुझिने भाषामा संचार गर्न सक्दछ | | |
| | | प्रशिक्षकसंगको संचार स्पष्ट र रचनात्मक छ | | |
| ६. | सामुहिक कार्य | कुनै पनि समूहमा रहेर सहजै काम गर्न सक्दछ | | |
| ७. | अनुशासन | कम्पनीको नियमलाई पूर्ण पालना गर्दछ | | |
| | | सकारात्मक पृष्ठपोषणलाई सहजै स्वीकार गर्दछ | | |
| | | समयनिष्ठ छ र नियमित उपस्थिति छ | | |
| ८. | प्रतिक्रिया | रचनात्मक काम गर्नको लागि सधैं तयार रहन्छ | | |
| | | तनावपूर्ण कार्यलाई कुशल ढंगबाट सम्पादन गर्दछ | | |
| ९. | व्यक्तित्व | व्यावसायिक व्यक्तित्व प्रदर्शन गर्दछ | | |
| १०. | सुरक्षा | काम गर्दा सुरक्षाका सवै नियमहरु पालना गर्दछ | | |
| ११. | उत्पादन | कम्पनीको उत्पादन बृद्धिमा सधैं सजग रहन्छ | | |
| १२. | गुणस्तर | कम्पनीको उत्पादन गुणस्तरीयता ल्याउन प्रयत्न गर्दछ | | |
| **जम्मा प्राप्तांक** | | | | |

## प्राप्तांकको आधार

| क्र.सं | आधारहरु | प्रदान गरिने अंकभार | क्र.सं | आधारहरु | प्रदान गरिने अंकभार |
|---|---|---|---|---|---|
| क. | दृढतापूर्वक सहमत | ५ | घ. | असहमत | २ |
| ख. | सहमत | ४ | ङ. | दृढतापूर्वक असहमत | १ |
| ग. | तटस्थ | ३ | | | |

माथिको आन्तरिक मूल्यांकन मैले गरेको हो । आवश्यक परेमा आवश्यक प्रमाण दिनको लागि म तयार छु ।

मूल्यांकनकर्ताको नाम : मूल्यांकनकर्ताको हस्ताक्षर :

उद्योगको नाम : उद्योगमा कार्यरत पद :

मोवाइल नम्बर मिति :

शिक्षालयको विवरण

शिक्षालयको नाम :

ठेगाना : सम्पर्क व्यक्तिको नम्बर :

## औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रमको प्रशिक्षार्थी छनौट कार्यक्रमको खर्चको मापदण्ड (शिक्षालयबाट बितरण गर्नुपर्ने)

१. **छनौट उपसमिति बैठक संचालन खर्चः** "प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०८२" र अन्य तोके बमोजिम कार्यहरु गर्न गराउनका लागि आवश्यक बैठक संचालन गर्दा संयोजक तथा सदस्यहरूलाई प्रति बैठक भत्ता नियमानुसार लाग्ने कर सहित रू. १,५००/- (रूपैंया एक हजार पांच सय मात्र) दिने ।

२. **अन्तर्वार्ता टोली कार्य संचालन खर्चः** "प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०८२" र अन्य तोके बमोजिमका कार्यहरुको लागि संयोजक तथा सदस्यहरूलाई प्रति सिफ्ट (२ घण्टा अवधिको) अन्तर्वार्ता संचालन गरे बापतको भत्ता नियमानुसार लाग्ने कर सहित रू. १,५००/- (रूपैंया एक हजार पांच सय मात्र) दिने ।

३. **खाजा खर्चः** छनौट उपसमितिको बैठक वा अन्तर्वार्ता टोलीले अन्तर्वार्ता संचालन गर्दा उपस्थित सदस्यका लागि प्रति सदस्य रू. २००/- (रूपैंया दुई सय मात्र) बरावरको चिया/खाजा व्यवस्था गर्ने ।

४. **यातायात बापतको खर्चः** अन्तर्वार्ता टोलीमा उद्योग/व्यवसायबाट प्रतिनिधित्व हुने सदस्यलाई लागू हुने हदसम्म दुई तर्फी यातायात बापत खर्च रू. १,०००/- (रूपैंया एक हजार मात्र) दिने ।

**<u>नोटः</u>**

(१) छनौट उपसमिति बैठक बढीमा पाँच पटक सम्म मात्र बस्ने सकिनेछ ।

(२) अन्तर्वार्ता कार्य टोलीले अन्तर्वार्ता संचालन गर्दा २० जनाको समूहको लागि २ घण्टाको सिफ्टमा गर्नुपर्नेछ ।

(३) माथि उल्लेखित कुनै पनि खर्चको विवरण राख्दा आवश्यक बिल भर्पाई समेत राख्नुपर्नेछ ।

# अनुसूची: - ११ अप्रेन्टिशीप मूल्याङ्कन प्रक्रिया

